सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १६६ | वि.सं. २०७९ माघ ०३ मंगलबार | 17, 2023 Tuesday, JAN | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## मन्त्रालय भागवण्डा - एमालेले ८ वटा पाउँदा राप्रपालाई २



२ माघ, काठमाडौं । सत्तारुढ दलहरुबीच मन्त्रालय भागवण्डा लगभग टुंगिएको छ ।

प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच निरन्तर भएको छलफलले मन्त्रालय भागवण्डा लगभग टुंगिएको छ ।

उच्च स्रोतका अनुसार ८ सांसद बराबर एक मन्त्रालय पाउने गरी भागवण्डाको खाका बनेको छ ।

यसअनुसार एमालेले ८ मन्त्री र दुई राज्यमन्त्री लिनेछ ।हाल उपप्रधानमन्त्री रहेका विष्णु पौडेलले अर्थ मन्त्रालय सम्हालिसकेका छन्।तर अरु मन्त्रालयको भागवण्डा नटुंगिएका कारण ११ पुसमा शपथ लिएका एमालेका तीन मन्त्रीले विभागीय जिम्मेवारी पाएका छैनन् ।सरकारको नेतृत्व गरेको माओवादीले ४ मन्त्री र एक राज्यमन्त्री पाउनेछ। माओवादीबाट उपप्रधानमन्त्री भएका नारायणकाजी श्रेष्ठले भौतिक पूर्वाधार मन्त्रालयको जिम्मेवारी सम्हालेका छन्।

अरु मन्त्रालय टुंगिएको छैन ।राष्ट्रिय स्वतन्त्र पाटी ९रास्वपा०ले ३ मन्त्री लिने लगभग सहमति जुटेको छ।

रास्वपा सभापति रवि लामिछाने उपप्रधानमन्त्री तथा गृहमन्त्री भइसकेका छन्। अब रास्वपाले स्वास्थ्य तथा जनसंख्या र युवा तथा खेलकुद मन्त्रालय पाउनेछ।

यद्यपि खेलकुदमा माओवादीको पनि दाबी छ ।राप्रपाले

बाँकी तेश्रो पृष्ठमा

## रास्वपामा मन्त्रीहरूको टुङ्गो लगाउने अधिकार सभापति लामिछानेलाई



काठमाडौं । राष्ट्रिय स्वतन्त्र पाटी ९रास्वपा० बाट मन्त्री छनोट गर्ने जिम्मा पाटी सभापति रवि छामिछानेलाई दिइएको छ ।

रास्वपाको आज बसेको संसदीय दलको बैठकले विज्ञताका आधारमा मन्त्री छनोट गर्न पाटी सभापति तथा उपप्रधान तथा गृहमन्त्री लामिछानेलाई जिम्मा दिने निर्णय भएको पाटी केन्द्रीय सदस्य तथा सांसद सन्तोष परियारले जानकारी दिए। सांसद परियारका अनुसार सत्ता साझेदार दलहरुसँग छलफल गर्ने जिम्मा अध्यक्ष लामिछानेलाई दिएको कारण पनि मन्त्री छान्ने अधिकार पनि उनलाई नै दिइएको हो ।

मन्त्रालय भागबन्डाको टुङ्गो लगाउन अहिले प्रधानमन्त्री निवास बालुवाटारमा उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठक बसिरहेको छ ।

## तास खेल्दै गरेका शिक्षक र पूर्व वडाध्यक्षसहित १० पक्राउ



वीरगन्ज - पर्साको पर्सागढी नगरपालिका(३ बढ्निहारस्थित एक घरमा जुवातास खेलिरहेको अवस्थामा १० जना जुवाडे पक्राउ परेका छन् सोमबार दिउँसो बढ्निहारका भागवत साहको घरमा जुवातास खेल्दै गरेका १० जना जुवाडेलाई प्रहरीले पक्राउ गरेको हो।

साहको घरमा सोमबार दिउँसो प्रहरीले छापा मारेर पूर्व वडाध्यक्ष वेदमन दास थारु, स्थानीय शिक्षक गौरीशंकर चौधरी लगायत १० जना जुवाडेलाइ पक्राउ गरेको हो।

उनीहरूको साथबाट १ लाख २८ हजार १ सय ४० रुपैयाँ नगद, ४ बुक तासममेत बरामद गरिएको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए।

पक्राउ परेका जुवाडेहरुलाइ प्रहरी हिरासतमा राखेर अनुसन्धान भइरहेको गिरिले बताए।

## बारामा मोटरसाइकल दुर्घटनामा दुईजनाको मृत्यु ,एक घाइते



वीरगन्ज -बारामा मोटरसाइक दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ ।महागढीमाई नगरपालिका वडा

बाँकी तेश्रो पृष्ठमा

## प्याब्सन पर्साको आयोजनामा माघ ५ गतेदेखि अन्तर विद्यालय टि-ट्वाण्टी क्रिकेट प्रतियोगिता हुने



वीरगन्ज, २ माघ । निजी तथा आवासीय विद्यालयको छाता संगठन प्याब्सन पर्साको आयोजनामा माघ ५ गतेदेखि अन्तर विद्यालय टि-ट्वाण्टी क्रिकेट प्रतियोगिता हुने भएको छ । प्याब्सन पर्साले सोमबार मूनलाईट माविको परिसरमा पत्रकार सम्मेलन गरेर क्रिकेट प्रतियोगिता आयोजना गर्न लागेको जानकारी दिएको हो ।

माघ ५ गते बलिदानी दिवस पनि परेको हुँदा शहिदहरुको सम्मानका लागि क्रिकेट प्रतियोगिताको आयोजना गर्न लागिएको प्याब्सन पर्साका अध्यक्ष पूरन प्रधानले जानकारी दिनुभयो ।

प्रतियोगितामा २६ वटा भन्दा बढी विद्यालयका १० कक्षासम्मका विद्याथीहरुले भाग लिने छन् । प्रतियोगिताको विजेता टिमले शिल्ड, प्रमाणपत्र तथा उत्कृष्ट खेलाडीहरुलाई विधागत रुपमा पुरस्कारको व्यावस्था पनि गरिएको छ । प्रतियोगितामा करिब साढे सात लाख रुपैंया खर्च हुने अनुमान गरिएको पत्रकार सम्मेलनमा अध्यक्ष प्रधानले जानकारी गराउनुभयो ।प्रधानको अध्यक्षतामा आयोजना गरिएको पत्रकार सम्मेलनमा प्याब्सनका केन्द्रीय सदस्य छेडुप लामा, मधेस प्रदेश अध्यक्ष श्याम केसी, पर्साका बरिष्ठ उपाध्यक्ष सरोज चौधरी, बरिष्ठ सल्लाहाकार डाक्टर हरिशंकर साह, मार्टिन मोत्तान लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजीकरण प्याबसनका प्रवक्ता अशोक संग्रौलाले गर्नुभएको थियो ।




ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# समावेशी आयोग र मुलुकको शासकीय चरित्र

**मानबहादुर बीके**

मुलुकले अवलम्बन गरेको आरक्षण व्यवस्थाबारे राष्ट्रिय समावेशी आयोगले केही समयअघि सार्वजनिक गरेको 'विद्यमान सरकारी सेवामा आरक्षणको प्रभाव : अध्ययन प्रतिवेदन-२०७९' ले सरोकारवालाहरूबीच तातो बहस सृजना गरेको छ ।

उक्त प्रतिवेदनले मूलतः निजामती सेवामा हाल उपलब्ध गराइएको आरक्षण व्यवस्था विक्रम संवत् २०९१ पछि कायम राख्नु वाञ्छनीय नहुने भन्दै अब कानुन बनाउँदा यसलाई ध्यान दिन सम्बन्धित मन्त्रालयहरूलाई सुझावसमेत दिएको छ । २०६४ सालमा भएको निजामती सेवा ऐनको संशोधनले आरक्षणको व्यवस्था गरेकाले तत्कालीन विधायिकाको मनसाय बमोजिम १४ वर्षमा तालिका १ मा देखाइएजस्तै आरक्षणबाट प्रवेश गर्नेको संख्या तोकिएको अनुपातको नजिक पुगिसकेको र २०९१ सालसम्ममा यस्तो अनुपात ४५ प्रतिशत पुगिसक्ने भएकाले तत्पश्चात् यसको आवश्यकता नपर्ने ठोकुवा प्रतिवेदनमा गरिएको छ । अर्कातिर, प्रतिवेदनमा आरक्षण व्यवस्थाले सार्वजनिक सेवा विविधतायुक्त बनेको; आर्थिक-सामाजिक गतिशीलतामा महत्त्वपर्णू योगदान पुर्‍याएको; कानुनी व्यवस्थाले सुधार्न नसकेको विभेदको संस्कृति कमजोर बन्दै गएको; सार्वजनिक सेवा बिस्तारै समाजको ऐना बन्दै गएको; समाज क्रमशः समतामूलक बन्दै गएको; शासकीय व्यवस्थाप्रति सबै जात, जाति, लिंग, वर्ग, समूह र समुदायमा अपनत्वको भवना बढेको; सामाजिक सद्भाव पनि अभिवृद्धि गरेको; सेवा प्रवेश गरेको एक पुस्तामै आर्थिक रूपान्तरणलाई सम्भव बनाइदिएको जस्ता सकारात्मक प्रभाव पारेको भनी यस्तो प्रावधानलाई निजी क्षेत्रले आत्मसात् गर्नुपर्ने सुझावसमेत दिइएको छ ।

यसरी हेर्दा प्रतिवेदन आफैंमा बाझिएको देखिन्छ । प्रतिवेदनमा एकातिर आरक्षणको उपयोग केही सीमित समुदायले मात्र गरेको हुँदा त्यहाँ केही 'तरमारा वर्ग' तयार भएको चिन्ता व्यक्त गरिएको छ भने, अर्कातर्फ यो व्यवस्थाले योग्यता प्रणालीलाई खुम्च्याएको हुँदा सार्वजनिक प्रशासनको कार्य सम्पादनमा प्रतिकूल प्रभाव परेको पनि उल्लेख छ, जुन आफैंमा पूर्वाग्रही मनोवृत्तिको उपजजस्तो देखिन्छ । किनकि विश्वमा र नेपालमा समेत भएका अध्ययनहरूले सामाजिक समावेशिताका कारण संस्थागत कार्यसम्पादन बढेकै देखाएका छन् ।

मूल कुरा, आयोगले वैकल्पिक नीतिगत व्यवस्था नसुझाई आरक्षण अन्त्यको एकतर्फी सिफारिस गरेको छ । राज्यका सबै क्षेत्र, तह, संरचनामा सबै वर्ग, लिंग, जातजाति, समुदाय एवं क्षेत्रको समुचित प्रतिनिधित्व गराउन; पहुँच र समता अभिवृद्धि गर्न अनि सामाजिक न्याय स्थापना गर्न सरकारलाई सुझाव दिने तथा सिफारिस गर्ने जिम्मेवारी बोकेको संवैधानिक आयोगले एकाएक यस प्रकारको सिफारिस गर्दा आशंका उब्जिनु स्वाभाविकै हो । उत्तिकै हैसियत राख्ने विषयगत आयोगहरूलाई यो अध्ययन र प्रतिवेदन तयारीमा संलग्न नगराइँदा एवं प्रतिवेदनको भाषाशैली र तर्कनाहरूको अध्ययन गर्दा कतै आयोग समस्त सीमान्तीकृत समुदायप्रति पूर्वाग्रही भएको त हैन, मुलुकको शासकीय चरित्रको विम्ब त हैन भन्ने आशंका हुन्छ । किनकि सत्तामा रहनेहरूले समावेशी नीतिको कसरी दुरुपयोग गरिरहेका छन् भन्ने त हालैको निर्वाचनमा राजनीतिक दलहरूले पठाएका समानुपातिक सूची हेरे पुग्छ । 'नाति जर्नेल' देखि प्रधानमन्त्री र मन्त्रीका पत्नी/आफन्तहरूका साथै पटकपटक सत्ता दोहन गरेकाहरू नै त्यो सूचीमा छन् ।

सर्वप्रथमतः, नेपालको संविधान अनुसार स्थापित आयोगले २०६४ सालको विधायिकी मनसाय हेर्ने हो कि संविधानको मर्म र भावना अनुसार सिफारिस गर्ने हो भन्ने प्रश्न तेर्सिन्छ । संविधानमा भएको समानुपातिक समावेशिताको स्पष्ट व्यवस्थाको प्रतिकूल ४५ प्रतिशतमा मात्र समावेशिता भए पुग्छ भन्ने जिकिर नै गैरसंवैधानिक छ । समानुपातिक समावेशिता भन्नेबित्तिकै त्यो जनसंख्याका आधारमा हुनु विश्वव्यापी मान्यता हो । त्यस अर्थमा निजामती सेवामा शतप्रतिशत नै समानुपातिक कायम हुनुपर्ने संविधानको मर्म हो । तालिका २ बमोजिम निजामती सेवामा असन्तुलित समानुपातिकता छ तर आयोगले त्यसबारे बोल्न आवश्यक ठानेन । सायद यो सत्ताकै मनसाय हुन सक्छ ।

राज्यसत्ताको मुहानमा बसेकाहरूले शक्ति सम्बन्धमा कुनै रूपान्तरण अर्थात् संरचनात्मक परिवर्तन चाहँदैनन् भन्ने यसबाट प्रस्ट हुन्छ । बरु असमावेशीको पर्खाल झन्झन् अग्लो बनाउन खोजेजस्तो देखिन्छ । अर्थात्, अमर्त्य सेनले भनेजस्तो 'उल्टो आरक्षण' को सुनिश्चितता जुन उनीहरूले शताब्दिऔं भोग गर्दै आएका छन् । नत्र केही व्यक्तिले निजामती सेवामा प्रवेश गरी आर्थिक हैसियत केही उकास्नुलाई 'तरमारा' को संज्ञा दिनु आफैंमा विभेदजन्य मनोविज्ञान हो, जुन कुरा केही समयअघि सर्वोच्च अदालतको फैसलामा प्रयोग गरिएको थियो ।

यो प्रतिवेदन उक्त फैसलाको दोस्रो संस्करणजस्तो देखिन्छ । आखिर समावेशिता आर्थिक-सामाजिक

बाँकी तेश्रो पृष्ठमा

# सुन्दरताको जैविक जरा

**उत्तमबाबु श्रेष्ठ**

पछिल्लो साता नेपाली सामाजिक सञ्जाल प्रयोगकर्ताहरूबीच सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-४ स्थित भैरव सामुदायिक वनभित्रको सहिद पार्कमा बनाइएको बाघको मूर्ति भाइरल बन्यो । उक्त मूर्ति भाइरल बनेसँगै देशभरिका स्थानीय निकायहरूले विभिन्न ठाउँमा बनाएका बंगुर, बिरालो, दुम्सी, चराचुरुंगी, मानिस र देवीदेवताका उस्तै आकृतिका फोटाहरूले सञ्जाल रंगियो । 'सुर्खेतको बाघ' लगायतका पछिल्लो समयमा बनाइएका सिमेन्टका मूर्तिहरू भाइरल बन्नुका पछाडि मूलतः दुई कारण थिए । एउटा, त्यस मूर्तिसँग जोडिएको लागत रकम, जुन १३ लाख रुपैयाँ भनिएको थियो र त्यसमा भ्रष्टाचार भएको आम आशंका । अर्को, मूर्तिको सौन्दर्य, जसले आम मानिसको सौन्दर्यचेतमा ठेस पुर्‍याएको थियो । हुन त 'कुनै वस्तुको सुन्दरता वस्तुमा होइन, त्यसलाई हेर्नेहरूका आँखामा निर्भर हुन्छ' भन्ने गरिन्छ; सुन्दरताबारे भिन्न हेराइलाई पुष्टि गर्न नेपाली गीत 'फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार' उद्धृत गर्ने गरिन्छ; तर कवितामा गरिने सौन्दर्यको वर्णन र सौन्दर्यको वास्तविकता नितान्त फरक हुन्छन् ।

## सौन्दर्यको सार्वभौमिकता

सुन्दरताप्रतिको यस्तो विविधतायुक्त मानवीय बुझाइ, व्याख्या र दृष्टिकोण बन्नमा मानिस जन्मेको आर्थिक-सामाजिक परिवेश, उसको संस्कार, उसले अपनाएको धर्म-संस्कृतिजस्ता सामाजिक पक्षहरूको प्रभाव हुन्छ । त्यस्ता सामाजिक बनोट (सोसल कन्स्ट्रक्ट) का आधारमा निर्मित विविध खाले मान्यता, आस्था, नीतिनियम र भ्रमले एउटै कुरालाई पनि सुन्दर-कुरूप, राम्रो-नराम्रो, मिल्ने-नमिल्ने, त्याज्य-प्रिय, शुभ-अशुभजस्ता एकअर्काका परस्पर विपरीत वर्गमा वर्गीकरण गरिदिएका हुन्छन् । त्यसका आधारमा मानिसमा सौन्दर्यचेतनाको निर्माण भएको हुन्छ । उदाहरणका लागि, कट्टर हिन्दु मान्यता बोकेको व्यक्तिलाई कसैले भोजनका रूपमा गाईको मासु ग्रहण गरेको दृश्य कुरूप लाग्न सक्छ । त्यसै गरी, कुनै परिवारमा कुकुर शब्दलाई निकृष्ट गालीका रूपमा प्रयोग गरिन्छ त कुनैमा यही नामको जनावरलाई परिवारको सदस्यका रूपमा स्वीकार गरिएको हुन्छ । एउटै रंगदेखि रूखसम्म, एकै ग्रहदेखि पन्छीसम्मलाई एक समुदायले शुभ मान्छ त अर्कोले अशुभ । त्यसकारण एकै वस्तुलाई सुन्दर वा कुरूप ठान्ने मान्यताको निर्माणमा यस्ता सामाजिक बनोटको भूमिकालाई नकार्न मिल्दैन ।

यो पंक्तिकार गत जेठमा 'भाइरल बाघ' को मूर्ति राखिएको सुर्खेतको सहिद पार्क पुगेको थियो । त्यति बेला भाइरल बाघको मूर्ति बनिसकेको त थिएन तर त्यहाँ बनाइएका भौतिक संरचनाहरूले मेरो सौन्दर्यचेतमा ठेस पुर्‍याएका थिए । लगत्तै त्यस पार्कको फोटोसँगै सुर्खेतकै काँक्रेविहारको फोटो राखेर फेसबुकमा मैले लेखेको थिएँ– बाह्रौं शताब्दीदेखि एक्काइसौं शताब्दीसम्म आइपुग्दा हाम्रो कलाकारिता र सुन्दरताको परिभाषा फेरिएछ । आफ्नो सौन्दर्यचेतमा ठेस पुगेको करिब सात महिनापछि त्यहाँको बाघको मूर्ति भाइरल भएको देख्दा मलाई लाग्यो– वस्तुको सुन्दरता हेर्ने आँखामा मात्रै सीमित हुन्थ्यो भने यो मूर्ति किन हाँसोठट्टाको वस्तु बन्थ्यो ? सुन्दरताप्रतिको मेरा दृष्टिकोणसँग कैयौं मानिसको हेराइ मिल्छ र कैयौंका दृष्टिकोणसँग मेरो । त्यसैले वस्तुको सुन्दरता वा कुरूपताको महसुस व्यक्तिपरक अनुभव वा सामूहिक बनोटका आधारमा मात्रै तय हुँदैन, वस्तुको अन्तर्निहित गुणले पनि निर्धारण गर्छ । सौन्दर्यचेतको निर्माणमा व्यक्तिगत वा समुदायनिर्मित मान्यताहरूसँगै सर्वस्वीकार्य वस्तुपरक (अब्जेक्टिभ) कुराहरू पनि हुन्छन्, जसले सौन्दर्यलाई सार्वभौमिक (युनिभर्सल) बनाउन मदत गरेका हुन्छन् ।

सुन्दरताप्रतिको त्यही सार्वभौम वस्तुपरक चेतनाका कारण संसारका अधिकांश मानिसलाई एकै किसिमको प्राकृतिक भूदृश्य, मानवनिर्मित संरचना र मानवीय सृजनाहरू मन पर्छन् । नेपालको हिमालदेखि अमेरिका-क्यानडा सीमामा पर्ने नायग्रा फल्ससम्म, पेरिसको आइफल टावरदेखि इजिप्टको पिरामिडसम्म र अस्ट्रेलियाका फराकिला समुद्री तटदेखि भेनिसका साँघुरा गल्लीहरूसम्म अधिकांशलाई सुन्दर लाग्छन् । त्यस्ता दृश्य देख्दा वा त्यहाँ पुग्दा मन प्रसन्न हुन्छ । त्यसैले मानिसहरू त्यस्ता सुन्दर ठाउँ वा वस्तु हेर्न पैसा खर्च गरेर र खतरा मोलेर आउने-जाने गर्छन् । त्यति मात्रै होइन, बिथोवनदेखि बिटल्ससम्मका गीत-संगीत, शेक्सपियरका नाटक, भिन्चीका चित्रदेखि म्याराडोना र मेस्सीसम्मले गरेका गोलहरू संसारभरका मानिसहरूलाई सुन्दर लाग्छन् र मन पर्छन् । थप, सुन्दरताप्रति मात्रै होइन, कुरूपताप्रति पनि मानिसहरूबीच केही सर्वस्वीकार्य चेतना पाइन्छ । जस्तै– सिनो देख्दा सबैले नाक खुम्च्याउँछन् र त्यसलाई मन पराउँदैनन् । त्यसकारण मानवीय सौन्दर्यचेत व्यक्तिपरक मान्यता र वस्तुपरक गुणहरूको गठजोडबाट निर्मित हुन्छ । व्यक्तिपरक मान्यताहरू समाजले निर्माण गर्छन् भने वस्तुपरक गुण ठम्याउने चेतना मानिसले उद्विकासका क्रममा हासिल गरेको हुन्छ । अर्थात्, सौन्दर्य चेतना सामाजिकभन्दा बढी जैविक विषय हो ।

सुन्दरता आँखामा होइन, दिमागमा हुन्छ प्लेटोले 'वस्तुको सुन्दरता हेर्ने आँखामा हुन्छ' (ब्युटी लाइज इन द आइज अफ द बिहोल्डर) भनेर सुन्दरतालाई बुझ्न र व्याख्या गर्न खोजेको प्रयासदेखि हालसम्म आधुनिक विज्ञानले सौन्दर्यको रहस्य खोतल्नसम्ममा धेरै उपलब्धि हासिल गरिसकेको छ । विशेष गरी स्नायु विज्ञान, उद्विकास विज्ञान र मानव व्यवहार विज्ञानमा भएका पछिल्ला अनुसन्धानहरूले सुन्दरता हेर्नेका आँखामा होइन, हेर्नेको मस्तिष्कमा हुन्छ भन्ने देखाएका छन् । युनिभर्सिटी कलेज लन्डनका अध्येताहरू तोमिहिरो इसिजु र सिमेर जेकीले एउटा अनुसन्धानका क्रममा २१ मानिसलाई ३० चित्र देखाउँदा र ३० संगीतका टुक्रा सुनाउँदा उनीहरूका मस्तिष्कमा हुने परिवर्तनलाई एमआरआई मेसिनबाट हेरे । ती मानिसहरूलाई उनीहरूले देखेका ती चित्र र सुनेका छोटा संगीतलाई 'सुन्दर,' 'तटस्थ' र 'कुरूप' भनेर वर्गीकरण गर्न लगाए अनि उनीहरूको वर्गीकरणलाई एमआरआई स्क्यानको नतिजासँग तुलना गरे । 'सुन्दर' भनेर वर्गीकरण गरिएका चित्र हेर्दा र संगीत सुन्दा मानिसको मस्तिष्कको विशेष भाग (मेडिएल अर्बिटो फ्रन्टल कर्टेक्स : एमओएफसी) मा चरम प्रतिक्रिया उत्पन्न भएको पाए, जुन 'तटस्थ' र 'कुरूप' भनिएका चित्र हेर्दा र संगीत सुन्दा उत्पन्न भएको थिएन ।

इसिजु र जेकीपछिका धेरै स्नायु अध्येताले गरेका यस्तै अध्ययनहरूले सुन्दरता आँखामा होइन, दिमागमा हुन्छ भनेर थप पुष्टि गरेका छन् । स्नायु वैज्ञानिकहरूले सुन्दरतालाई महसुस गर्ने मानवमस्तिष्कको त्यस्तो भागलाई सर्वसाधारणले बुझ्ने भाषामा सुन्दरताको केन्द्र (ब्युटी सेन्टर) नामकरण गरेका छन् । केही वर्षअघि छिंग्वा विश्वविद्यालयका अध्येताहरूले मानवमस्तिष्कमा त्यस्ता केन्द्रहरू धेरै हुने र सुन्दरताको अनुभव गर्दा दिमागका थुप्रै भागमा एकै पटक प्रतिक्रिया देखिने पत्ता लगाएका थिए । थप, सुन्दर भनिएका वस्तुलाई देख्दा, ठाउँमा पुग्दा, गीत-संगीतलाई सुन्दा, चित्र/सिनेमा/खेल हेर्दा मानिसको मस्तिष्कको दुःख र सुख महसुस गर्ने भाग – जुन मस्तिष्कको एकै ठाउँमा हुन्छ – मा पनि प्रतिक्रिया उत्पन्न हुने अध्ययनहरूले देखाएका छन् । अर्थात्, खाना खाँदा, लागूऔषधको सेवन वा

बाँकी तेश्रो पृष्ठमा

# अनपेक्षित राजनीति तर अपेक्षा

**डा. साधना प्रतीक्षा**

परिवर्तनका लागि जुर्मुराएका युवा पुस्तामा समृद्धिको नयाँ सोचको विकास हुने हो भने जनअपेक्षाको सम्बोधन हुने थियो कि ?

मुलुकको राजनीतिले यतिबेला जुन मोड लिएको छ, त्यसको कल्पनासम्म कसैले गरेको थिएन। कतिपय राजनीतिक विश्लेषकको प्रक्षेपण पनि सही हुन सकेन। राजनीतिमा युगै बिताएका अनुभवी नेताहरूको अनुमानले पनि काम गरेन। किनभने नेपाली राजनीतिमा अहिले सबैभन्दा चतुर खेलाडीका रूपमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली देखिएका छन्। उनैले चालेको गोटीमा बनेका छन्, माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री! त्यसैले निरर्थक लाग्छ, माओवादी केन्द्रका स-साना 'कामरेड'हरूको उफ्राइ पनि! नेताले आफूलाई जति नै त्यागी बताए पनि आखिर राजनीतिको लक्ष्य त सत्ता नै भएको पुष्टि वर्तमान राजनीतिक परिदृश्यले देखाएको छ। सर्वसाधारणले अनुभव गरेको यो एउटा तितो यथार्थ हो। यसैगरी, अर्को तितो पक्ष नेपाली राजनीतिका ठूला र स्थापित दलहरूमा नयाँ पुस्ताको नेतृत्व असम्भवप्रायः पनि देखिएको छ। दलभित्र स्थापित व्यक्तिवाद र परिवारवाद तथा अनन्तकालसम्म एकै व्यक्तिको नेतृत्व रहिरहनुपर्ने तानाशाही प्रवृत्ति छ। जसका विरुद्ध नयाँ पुस्ता जुर्मुराउनु भने परिवर्तनको शुभसंकेत हो। हजुरबुबा पुस्तासँग नेतृत्वका लागि लड्ने नाति पुस्ताका केही कांग्रेसी युवा परिवर्तनको संवाहक बनेको अनुभूत आमजनताले गरेको देखिन्छ।

दलहरू परिवर्तनको पक्षमा होउन् या नहोउन् तर युगले परिवर्तन चाहेको छ! जनताले परिवर्तन चाहेका छन्। दलभित्रका जडसूत्रवादी नेताहरू तथा जनचाहनाको अदृश्य द्वन्द्वका कारण उदय भएको हो, रवि लामिछाने अनि उनको दलका युवा। निर्वाचनभन्दा मात्र तीन महिनाअघि दलको घोषणा गरेर उपत्यका, चितवनलगायतका ठाउँबाट २० को संख्यामा युवालाई प्रतिनिधित्व गराउन सक्नु रविको व्यक्तिगत चमत्कार थिएन। यो त पुराना दल तथा तिनका नेताहरूको पदलोलुपताको परिणति थियो। प्रजातन्त्र ल्याउन जेलनेल भोगेको इतिहास भज्याउँदै नेपाली जनतामाथि अनन्तकालसम्म शासन गरिरहने प्रवृत्ति हावी छ। राजनीतिलाई जनताको सेवाका रूपमा नभएर आफ्नो पुस्तौनी विरासत स्थापित गर्ने काम भएको छ। अर्थोपार्जनको सहज माध्यम बनाउने अझ आफूपछि आफ्नै परिवारमा नेतृत्व स्थापित गर्ने पुराना नेताहरूको प्रवृत्तिदेखि नेपाली जनता आजित छन्। उपयुक्त विकल्प खोजिरहेको अवस्थामा उदय भएको हो, रवि र बालेनजस्ता युवाको! नेपाली राजनीतिमा अनायासै उदाएका यी युवालाई अबको यात्रा कति सहज छ त ? अहिलेको यक्ष प्रश्न यही हो।

सबैभन्दा महत्त्वपूर्ण मन्त्रालय अर्थात् गृह मन्त्रालयको जिम्मेवारी बोकेका रवि लामिछानेप्रति नै अहिले आम नेपालीका अपेक्षा केन्द्रित भएका छन्। किनभने उनले टेलिभिजनका पर्दाबाट भ्रष्टाचार, दुराचार, यौनहिंसा, हत्या, राजनीतिका नाममा भएका विकृति, विसंतिका विरुद्ध बुलन्द गरेको आवाज अझै पनि आमनेपालीका कानमा गुञ्जिएकै छ! कसरी बिर्सन सक्छन् र उनीहरूले पत्रकार लामिछानेले भ्रष्टाचारी र माफियाका विरुद्ध गरेको हुंकार! नेताहरूले गैरकानुनी रूपमा आर्जेर विदेशी बैंकमा थुपारेको अकूत सम्पत्ति स्वदेश फर्काउनु पर्छ भन्दै देखाएको आशा! निर्मला पन्त र उनीजस्ता यौनहिंसामा परेका पीडितहरूले न्याय पाउनैपर्छ भन्दै घटनास्थलमा नै पुगेर पीडितका परिवारलाई सान्त्वना दिएको! यस्ता असंख्य प्रसंगहरू छन् जुन समयको यति लामो अन्तरालबीच पनि सर्वसाधारणमा आशाको त्यान्द्रो बनेर रहेकै छन्। यहाँनेर प्रश्न उठाउन सकिन्छ, के रविलाई एउटा पत्रकारका रूपमा जनतामाझ आवाज बुलन्द गर्नु जति सजिलो थियो। अब मुलुकको महत्त्वपूर्ण जिम्मेवारी वहन गरेपछि त्यसलाई कार्यान्वयनतर्फ लैजानु त्यति नै सहज होला र ?

अहिले सबैभन्दा ठूलो जनअपेक्षा हो सुशासन! सुशासनको सवालमा हालको उनको उपस्थितिमा नै प्रश्न उठाउने ठाउँ रहेको छ। किनकि अदालतमा विचाराधीन मुद्दासँग जोडिएको मन्त्रालयको नेतृत्व स्वयंले लिएका छन्। यसबाट मुद्दाको फैसला प्रभावित नहोला भन्न सकिँदैन। मुलुकमा सुशासन कायम गर्नु फलामको चिउरा चपाउनु बराबर हो। लामो समयदेखि निरन्तर रूपमा फैलिँदै र झांगिँदै गएको कुशासन र भ्रष्टाचारको अन्त्य कसैको एकल प्रयासले सम्भव देखिँदैन। राज्यका हरेक संयन्त्र यसमा जेलिएका छन्। साँच्चै भन्ने हो भने भ्रष्टाचार अहिले हाम्रो समाजमा आकाशे बेलीजस्तै फैलिएको छ। अन्य रूख भए त जरा काटेर सखाप पार्न सकिन्थ्यो तर यसको जरै हुँदैन!

यसैगरी माफियाको सञ्जाल पनि अदृश्य रूपमा यति व्यापक भएको छ कि सामान्य प्रयासले यसको छेउटुप्पो पनि पत्ता लाग्दैन! फेरि यो त लहरो तान्दा पहरोसम्म पुग्छ। त्यसैले त 'ठूला माछा समात्नुपर्छ' भन्ने एकताकाको उनको चर्चित भनाइ चरितार्थ गर्नु पनि उनले सोचेजस्तो कहाँ छ र ? सुशासनका लागि असंख्य बाधकहरूको सामना गर्नुपर्ने देखिन्छ। सर्वसाधारणको ढाडै भाँच्नेगरी दिनानुदिन बढिरहेको महँगी! दैनिक उपभोग्य वस्तुमा पनि भइरहेको अनियन्त्रित मूल्यवृद्धि! यी सबै देख्दा यस्तो लाग्छ, निम्नवर्गीय नेपालीले दैनिकी कसरी चलाइरहेका होलान् ? मूल्यवृद्धि ठूलो समस्या होइन, यसलाई नियन्त्रण गर्न सकिन्छ।

यथार्थमा यो समस्याको पनि आफ्नै सञ्जाल छ! त्यसैले त जुनकुनै सरकार आए पनि यो समस्या जस्ताको त्यस्तै होइन कि झन् झन् विकराल बन्दै

बाँकी तेश्रो पृष्ठमा

## अनपेक्षित.....

जाने गरेको छ। सेवाग्राहीले स्वतस्फूर्त रूपमा सेवा प्राप्त गर्ने अवस्था पनि अत्यन्त न्यून छ। दण्डहीनताको संस्कृति दिननानुदिन फस्टाइरहेको छ। यौनहिंसाका घटनाहरूले सभ्य समाजलाई नै कलंकित बनाइरहेको छ। विपन्न तथा सीमान्तीकृत वर्गहरू केन्द्रमा पहुँच नहुनाले न्यायका लागि भौतारिँदै जीवन समाप्त गर्नुपर्ने अवस्थामा छन्। माफियाको सञ्जालमा मुलुकको शिक्षा, स्वास्थ्य, अर्थलगायत क्षेत्र अल्झिरहेका छन्। यस्ता अनेकन समस्या छन्, जसलाई झेल्दाझेल्दै सर्वसाधारण त्राहिमाम भइसकेका छन्। कोही त आउला कि यसको अन्त्यका लागि भन्ने अनन्तकालीन पर्खाइमा देखिन्छन् उनीहरू। यस्तोमा वर्तमान नेतृत्वले जनतासामु आफूलाई टिकाइराख्नु त्यति सहज पक्कै छैन।

सरकारले भर्खरै विश्वासको मतसम्म लिएको छ। जसरी सरकारले सबैजसो दलबाट विश्वासको मत प्राप्त गरेको छ। त्यो पनि अनपेक्षित नै देखिएको छ। जे भए पनि यसलाई नेपाली राजनीतिको एउटा शुभसंकेत मान्नुपर्छ। किनभने अबका केही वर्ष सरकार ढलाउने प्रपञ्च कतैबाट रचिने छैन कि! अन्य दलसँग बिनासम्झौता सरकारले विश्वासको मत प्राप्त गरेको भए मात्र यसले जनअपेक्षाको सम्बोधन गर्न सक्छ। अन्यथा दलहरूसँग विभिन्न सम्झौता गरी विश्वासको मत प्राप्त गरेको भए सरकार जनहितमा भन्दा बढी तिनै दलगत हितमा लाग्नु पर्नेछ। अर्थतन्त्र धराशायी हुँदै गरेको मुलुकमा पनि दलीय भागबन्डा मिलाउन तीन (वा बढी) उपप्रधान मन्त्री, अनेक मन्त्री बनाउनु पर्नेछ। स्थानीय सरकार पनि त्यसरी नै बन्नेछ। यो सबैमा राज्यकोषको अधिकांश भाग खर्चिनु पर्नेछ। सरकारको ध्यान निरन्तर सत्ता जोगाउनमा नै लागिरहनेछ। यस्तोमा जनआकांक्षा पुनः ओझेलमा नै पर्नु कुनै नौलो कुरा हुने छैन। अनि जनता पुनः विकल्पको खोजी गरिरहने छन्।

विकल्पको खोजीको प्रतिफलका रूपमा देखिएको युवाको दल अर्थात् रविको दल केही समय प्रतिपक्षमा बसेर सदनमा जनताका समस्याको उठान गरेको भए, विगतका विभिन्न विकृति र कुकृतिका विरुद्ध आवाज उठाएको भए, भ्रष्टाचारी र माफियाको मुटु काम्ने गरी सदन चर्काएको भए आहा! नेपाली जनता कति आशावादी हुने थिए ती युवा जनप्रतिनिधिप्रति! किनकि, नेपाली जनता अघाइसकेका छन् बाहिर जति नै इयारंडुर गरे पनि आफ्नो स्वार्थपूर्तिका लागि एकजुट भएर विधेयक पास गराउने तर जनताका समस्या सम्बोधनमा सधैं मत बाझाबाझ हुने प्रवृत्तिप्रति! सौच्ची! प्रजातन्त्र बलियो हुन प्रतिपक्ष बलियो र इमानदार हुनुपर्ने यथार्थलाई हामीकहाँ कसैले मनन् नगरेको देख्दा अचम्म लाग्छ। मनमा प्रश्न पनि उठ्थ्यो- आखिर हाम्रो संसद्को प्रतिपक्षीय कुर्सीहरू केले बनेका छन् ? त्यहाँ बस्दा चसचसी बिझाउने पो गर्छ कि ? या झुत्ते काउछो राखिएको छ त्यहाँ ? किन कोही बस्नै चाहँदैनन् ? तर यसपटक नेपाली कांग्रेसले प्रतिपक्षमा बस्ने इमानदारिता देखाएको छ। प्रतिपक्षमा बसेर सरकारका राम्रा कामको समर्थन तथा जनअपेक्षा विरुद्धका निर्णयप्रति खबरदारी गर्दै आफ्नो संगठन सुधार गर्नु उसका लागि यो राम्रो मौका पनि हो। त्यसैले अब कांग्रेसले केही समय सत्ता-स्वादलाई बिर्सनै पर्छ। साथै अन्य दलले पनि सत्ता ढलाउने खेल छाडी राजनीतिक स्थिरता कायम गर्न योगदान दिनुपर्छ। तबमात्र नेपाली जनताका अपेक्षा केही हदसम्म भए पनि पूरा हुनेछन्।

जनताले चाहेजस्तो राजनीतिक परिवर्तनका लागि वर्षौंदेखिका थिया लागेका पुराना विचार तथा ती विचारवाहकहरू अब देशको राजनीतिबाट अलगिनु पर्छ। नयाँ सोच, नयाँ चिन्तनसहितका अग्रगामी विचार लिएर युवापुस्ताले त्यसको नेतृत्व गर्नुपर्छ। उनीहरूले राजनीतिलाई पुस्तौनी बिर्ता नभएर निश्चित समय-सीमाभित्र जनताको सेवा गर्ने माध्यम बनाइनु पर्छ। मन्त्रालय बाँडफाँट दलीय भागबन्डा होइन, विज्ञताका आधारमा गरिनु पर्छ। विभिन्न क्षेत्रमा विज्ञका रूपमा कार्यरत युवा पुस्तालाई राजनीतिमा ल्याउनु पर्छ। एउटा इमानदार जनप्रतिनिधिले पाँच वर्षमा जनताका लागि धेरै गर्न सक्छ। यदि जनताले चाहेमा थप एक कार्यकाल उसलाई दिने तर त्यसपछि ऊ स्वेच्छाले पदीय राजनीतिबाट बाहिरिनु पर्छ। त्यसपछि उसले राज्यको सुविधामा त्याल नकाढी आफू पहिला जुन पेसामा आबद्ध थियो, त्यसैमा फर्केर जनसेवा गर्न नहिच्किचाउने संस्कृतिको विकास हुनु पर्छ। त्यसो हुन सकेमा मात्र राजनीतिलाई जनताको सेवाभन्दा आफ्नो दीर्घकालीन व्यवसाय बनाउने दुष्प्रवृत्तिको अन्त्य हुन सक्छ। परिवर्तनका लागि जुर्मुराएका युवा पुस्तामा यस प्रकारको सोचको विकास हुने हो भने जनअपेक्षाको सम्बोधन हुने थियो कि ? **साभार अन्नपूर्णपोष्ट्**

## सुन्दरताको.....

यौनसम्पर्क गर्दा मस्तिष्कको जुन भागमा प्रतिक्रिया उत्पन्न भई मानिसलाई चरम सन्तुष्टिको अनुभव हुन्छ, सुन्दरतालाई अनुभव गर्दा पनि मस्तिष्कको त्यही भागमा प्रतिक्रिया उत्पन्न भई मानिसलाई आनन्द मिल्छ। र, कुरूपताको अनुभव गर्दा मस्तिष्कको त्यही भागमा प्रतिक्रिया उत्पन्न भई मानिसलाई त्यसले कष्टको महसुस गराउँछ। त्यसकारण जैविक रूपमा सुन्दरता त्यो हो जसलाई मानवमस्तिष्कले मन पराउँछ वा चाहन्छ किनभने त्यसले मानिसलाई सुखानुभूति दिन्छ। र, कुरूपता त्यो हो जसलाई मानवमस्तिष्कले दुत्कार्छ वा छल्न खोज्छ किनभने त्यसले मस्तिष्कमा दुःखानुभूति दिन्छ।

उद्विकासका क्रममा हरेक जीवले बाँच्ने सिलसिलामा आफूमाथि आइपर्ने बाधा, व्यवधान र असहजतालाई पन्छाउन सक्ने गुणहरू बोकेको हुन्छ। त्यस्ता गुणहरू बोकेको अनुवंश (जिन) आफ्ना सन्तानहरूमा पुस्तान्तरण गरिरहेको हुन्छ। प्रकृतिले बाँच्नका लागि चाहिने त्यस्ता अनुकूल गुणहरूको छनोट गरेरै जैविक संसार चलेको हुन्छ, जसलाई चार्ल्स डार्विनले प्राकृतिक छनोटको सिद्धान्तमार्फत लिपिबद्ध गरे।

सुन्दरताको जरोदेखि यौनिक छनोटसम्म

तर चार्ल्स डार्विन विभिन्न जनावरमा विद्यमान सुन्दर भनिने रासायनिक (वासना), श्रवणीय (आवाज) र शारीरिक (पुच्छर, सिङ, आकार) गुणहरूको रहस्य बुझ्न र व्याख्या गर्न नसकेर हैरान थिए। विशेष गरी भाले मयूरको सुन्दर पुच्छर – जसले मयूरलाई सिकारी जनावरको पन्जामा पार्न सघाउँथ्यो – देखेर डार्विन बेचैन थिए। किनभने बाँच्नका लागि प्रतिकूल त्यस्ता गुणहरूको निर्माण र सन्तानमा त्यसको हस्तान्तरणको कुरा उनको प्राकृतिक छनोटको सिद्धान्तविपरीत थियो। डार्विनको प्राकृतिक छनोटको सिद्धान्त अनुसार, जीवहरूमा बाँच्नका लागि अनुकूल गुणहरू मात्र संरक्षित हुन्छन् र त्यो पुस्ताहरूमा हस्तान्तरण हुँदै जान्छ। आफ्नो सिद्धान्तसँग बाझिने कुरालाई व्याख्या गर्न नसक्दा डार्विनले हैरान भएर लेखेका थिए, 'जब म भाले मयूरको पुच्छरलाई एकतमासले हेर्छु, त्यसमा जडित प्वाँखहरूले मलाई बिरामी बनाउँछन्।'

डार्विनले सौन्दर्यचेतनाको उत्पत्ति सम्बन्धी आफ्नो अज्ञानतालाई लामो समयसम्म रहन दिएनन्। उनले भाले मयूर लगायतका जीवहरूमा विद्यमान सौन्दर्यको रहस्यलाई 'द डिसेन्ट अफ म्यान एन्ड सेलेक्सन इन रिलेसन टु सेक्स' भन्ने पुस्तकमार्फत व्याख्या गरेका छन्। उक्त पुस्तकमा अघि सारिएको यौनिक छनोटको सिद्धान्त अनुसार, जीवहरूमा सुन्दर गुणहरू संरक्षित हुनुका पछाडि प्राकृतिक छनोटको भन्दा यौनिक छनोटको भूमिका बढी प्रभावकारी हुन्छ। आकर्षक पुच्छर भएको भाले मयूरलाई पोथी मयूरले यौनसम्पर्कका लागि रोज्ने भएकाले भालेमा सुन्दर पुच्छरको विकास भएको हुन्छ, चाहे त्यसले बाँच्नका लागि (उड्न, दौडन) प्रतिकूलता सृजना गरेकै किन नहोस्। विभिन्न जनावरमा पाइने पुच्छरदेखि सिङसम्म, अनुहारदेखि आवाजसम्मका 'सुन्दर' गुणहरू विपरीतलिंगीलाई, विशेष गरी भालेले पोथीलाई यौनसम्पर्कका लागि आफूलाई छनोट गरोस् भनेर आकर्षित गराउने संकेतका रूपमा उद्विकास भएका हुन्छन्।

त्यसकारण, उद्विकासको कोणबाट हेर्दा आकर्षक हुनु अर्थात् सुन्दर देखिनु भनेको आफू स्वस्थ, शक्तिशाली र रोगविहीन छु भन्ने संकेत विपरीतलिंगीलाई दिनु हो। जीवहरूमा भालेले पोथीलाई सुन्दर लाग्ने गुणहरू बोकेर वा त्यसको प्रदर्शन गरेर आफू यौनसम्पर्कका लागि उपयुक्त भएको दाबी गर्छ र पोथी पनि सबैभन्दा उपयुक्त (सुन्दर, सुरिलो स्वरको धनी, शक्तिशाली र ठूलो इत्यादि) गुण भएको भालेसँग यौनसम्पर्क गरेर आफ्नो जीन स्वस्थ जिनसँग मिसाएर सन्तान उत्पादन गर्न लालायित हुन्छे। जनावर जगत्मा सन्तान उत्पादनमा जसको बढी ऊर्जा खर्च हुन्छ, उसैलाई यौनिक छनोट गर्ने अवसर प्राप्त हुन्छ भन्ने वैज्ञानिक राय छ। त्यसैले सन्तान जन्माउन र हुर्काउन पोथीले बढी ऊर्जा खर्च गर्नुपर्ने भएकाले यौनसम्पर्कका लागि उपयुक्त भालेहरू छान्ने अवसर पोथीलाई मात्रै प्राप्त हुन्छ।

जसरी प्रकृतिमा फेरिँदो वातावरणले जीवहरूलाई त्यसमा अनुकूलन हुन दबाब सृजना गरेको हुन्छ र त्यस्तो दबाबले अनुकूलन (अड्याप्टिभ) हुन सहयोगी गुणहरूको संरक्षित र पुस्तामा प्रसारित हुने अवस्था बनेको हुन्छ, त्यसरी नै यौनसाथीको रोजाइमा पर्नुपर्ने (नत्र आफ्नो जिन सन्तानमा सार्न नपाइने) दबाबले जीवहरूमा सुन्दर भनिने गुणहरूको उत्पत्ति र विकास भएको हुन्छ। त्यसकारण मानव लगायतका जीवहरूमा विकसित सार्वभौम सौन्दर्यचेतना मूलतः जैविक विषय हो।साभार इकान्तिपुर

## समावेशी....

सबलीकरणकै लागि हो नि ! अध्येताहरूले शताब्दीऔंदेखि निश्चित वर्चस्वशालीहरूले तर मारिरहेको वास्तविकतालाई चाहिँ किन बेवास्ता गरे होलान् ? हो, आरक्षणको उपयोग अपेक्षित रूपमा नफैलिई केही सीमित समुदायमा खुम्चिरहथ्यो तर यसका लागि राज्यले के गऱ्यो भन्ने पनि हेर्नुपर्ने हुन्छ। यस्तो विषयमा राज्यकै हस्तक्षेप जरुरी हुन्छ। तसर्थ प्रतिवेदनले बरु अब आरक्षणलाई यसको उपयोगबाट छुटेका तल्लो तप्कासम्म पुऱ्याउन नीतिगत सिफारिस गरेको भए सामयिक हुन्थ्यो।

आरक्षण वा यस्तै संरक्षणकारी नीतिको कुरा गर्दा वर्चस्वशालीहरूले योग्यता प्रणालीको दुहाई दिने परम्परा नै छ। तर के राज्यका निकायहरूमा योग्यता प्रणाली हुबहु लागू भएको छ ? २०६४ सालभन्दा पहिलेचाहिँ पूर्ण रूपमा तथाकथित योग्यता प्रणाली थियो ? त्यस बेला सार्वजनिक प्रशासन सेवाप्रवाह विकास र नागरिकहरूको पहुँचका सन्दर्भमा अहिलेभन्दा प्रभावकारी थियो ? फेरि, अहिलेको आरक्षण खुला प्रतिस्पर्धात्मक प्रणालीकै एउटा हिस्सा हो, जसको मूल्यांकनको मूल आधार योग्यता प्रणाली नै हो। योग्यता कसरी र कसले निर्धारण गर्छ भन्नेमा भर पर्छ।

म कुनै बेला एउटा अन्तर्राष्ट्रिय संस्थामा काम गर्दा हिमाली भेगका गाउँहरूमा सामाजिक परिचालन गर्ने कर्मचारीका लागि अंग्रेजी जान्नु र कम्प्युटर चलाउन सक्नुलाई योग्यता निर्धारण गरिएको थियो। मैले त्यसको विरोध गरेको थिएँ। त्यसमा त स्थानीय भाषा जानेको र संस्कृति बुझेको हुनुपर्ने हो नि ! तर त्यस्तो योग्यता तोकिदिएपछि कसले मौका पाउँछ, सहजै अनुमान गर्न सकिन्छ। कुनै जमानामा बेलायतमा योग्यतालाई 'अक्सफोर्ड मेरिट' भनिन्थ्यो। हामीकहाँ पनि मनुस्मृतिबाट निःसृत एकलजातीय ज्ञानका आधारमा तयार भएको योग्यतालाई वर्चस्वशालीहरूका लागि राज्यस्रोतमा एकाधिकार जमाउने सुरक्षाकवचका रूपमा प्रयोग गरिएको छ। यही योग्यता प्रणालीमा जातीय दण्ड (कास्ट पेनाल्टी) रहेको विश्व बैंकले सन् २००४ मा गरेको अध्ययनले देखाएकै छ। अनि यस्तो योग्यता प्रणालीले सामाजिक न्याय गर्छ ? यो 'हामी र हाम्रो नस्ल मात्र योग्य, अरू अयोग्य' देख्ने मनोवृत्ति हो भन्ने त संवैधानिक-राजनीतिक नियुक्तिहरूबाटै प्रस्ट हुन्छ।

राजनीतिक प्रणालीबाट निर्वाचनमार्फत चुनिएर आउने सीमान्तीकृत समुदायको अवस्था पनि उस्तै छ। दलितहरूका सन्दर्भमा झनै खस्किँदै गएको छ। प्रत्यक्ष निर्वाचनका लागि राजनीतिक दलहरूले टिकट नदिने, दिइहाले पनि कमजोर क्षेत्रमा दिने र दलले उत्तिकै आयाममा सघाउ नगर्नेजस्ता कारणले प्रत्यक्ष निर्वाचनबाट सीमान्तीकृत समुदायको आशानुरूप प्रतिनिधित्व हुन सकेको छैन। यही यथार्थ मनन गरेर संविधानमा समानुपातिक प्रणाली पनि राखिएको हो तर यसको झनै दुरुपयोग भइरहेको सर्वविदितै छ, यसको पुष्टि तालिका ३ बाट पनि हुन्छ।

२७५ सिट रहेको प्रतिनिधिसभामा करिब ३१ प्रतिशत जनसंख्या रहेको खस-आर्य समुदायकै एकल वर्चस्व छ भने १३ प्रतिशत जनसंख्या रहेको दलित समुदायको हिस्सा जम्मा ६ प्रतिशत मात्र। १६५ सिटका लागि भएको प्रत्यक्ष निर्वाचन प्रणालीबाट त झन् एक जना मात्र दलित आउन सफल भएका छन् जुन प्रतिशतका हिसाबले ०.६० मात्र हुन्छ। संविधानको धारा ८४(२) मा समावेशी प्रतिनिधित्व अन्तर्गत जनसंख्याका आधारमा महिला, दलित, आदिवासी जनजाति, खस-आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट समानुपातिकतर्फका ११० सिटमा प्रतिनिधित्व गराउनुपर्ने उल्लेख छ। सो अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन-२०७४ को दफा २८ ले दलित १३.८, आदिवासी जनजाति २८.७, खस-आर्य ३१.२, मधेशी १५.३, थारू ६.६ र मुस्लिम ४.४ प्रतिशत प्रतिनिधित्व हुनुपर्ने व्यवस्था छ। ऐनमा दलहरूले उम्मेदवारको बन्दसूची पिछडिएको क्षेत्र र अपांगता भएका व्यक्तिको प्रतिनिधित्व हुने गरी गर्नुपर्ने व्यवस्था छ। संविधानले समावेशी सिद्धान्तको व्यवस्था गरे पनि समानुपातिकमा छुट्याइएका सिटबाहेक प्रत्यक्षमा अन्य समूहको प्रतिनिधित्व अझै समान हुन सकेको छैन, जसका कारण संघीय संसद् कल्पना गरिएजस्तो पूर्ण समावेशी समानुपातिक हुन सकेको छैन। अब संविधानको मर्म अनुसार निश्चित समयावधिभित्र समानुपातिक समावेशिता कायम गर्ने गरी ऐन, नियम र कार्ययोजना ल्याउनु जरुरी छ। असमावेशिताका कारण मुलुकले धेरै अवसर गुमाएको मात्र छैन, समृद्धिको मार्ग नै अवरुद्ध भएको छ। बहिष्करणको लागत मुलुकले अझै बोकिरहनु हुँदैन। सन् २०२० को नेपाल मानव विकास प्रतिवेदनले देशमा असमानताका कारण प्रतिवर्ष २५.२ प्रतिशत मानव विकास गुमाइरहेको देखाएको छ। त्यसबाट मुलुकले प्रतिवर्ष प्रत्यक्ष रूपमा १० प्रतिशतभन्दा बढी कुल गार्हस्थ्य उत्पादन गुमाइरहेको आकलन छ। शृंखलागत असरको गणना गर्ने हो भने यसको हिस्सा अझै ठूलो हुन्छ।

दक्षिण अफ्रिका स्वतन्त्र भएपछि रोजगार समता ऐन-१९९८ जारी गरिएको थियो जसले पाँच वर्षभित्र राज्यको प्रत्येक निकायले समानुपातिकता कायम हुने गरी समता योजना बनाउनुपर्ने व्यवस्था थियो। सो योजना रोजगार समता आयोगमा पेस गर्नुपर्ने र आयोगले सो बमोजिम गरे-नगरेको सुपरिवेक्षण गर्ने व्यवस्था थियो। अनि पाँच वर्षकै छोटो अवधिमा मुलुकले समानुपातिक समावेशिता कायम गर्न सक्यो। भारतमै पनि १८ प्रान्तमा ६० प्रतिशतभन्दा बढी आरक्षणको व्यवस्था छ। यी केही पछिल्ला दृष्टान्त हेरी नेपालको संविधानको मर्म र मुलुकको आवश्यकतालाई केन्द्रमा राखी समयावधि तोकेर समानुपातिकता कायम हुने व्यवस्था गर्नु मुलुकको विकासका लागि अपरिहार्य भइसकेको छ। मूलतः राजनीति, सार्वजनिक र निजी क्षेत्रलाई सारभूत समावेशी बनाउने गरी एउटा छाता ऐन ल्याउनेतर्फ विषयगत आयोगहरूले र नयाँ विधायकहरूले सोच्नुपर्छ। राज्यका सबै राजनीतिक र सार्वजनिक सेवामा पाँच वर्षभित्र समानुपातिक समावेशिता कायम गर्ने र निजी क्षेत्रमा व्यवसाय र कामको प्रकृति अनुसार समावेशिता क्रमशः बढाउँदै जाने गरी नीतिगत व्यवस्था गर्नु समयको माग हो।

यसका साथै बहुलताको सारभूत व्यवस्थापनका लागि संविधानका केही प्रावधानमा पनि संशोधन आवश्यक छ। विशेषतः धारा ४२, ८४, ८६ र २८५ मा संविधानको मर्मलाई स्पष्ट रूपमा सुनिश्चित हुने गरी समसामयिक संशोधन गर्न जरुरी छ। धारा ४२ मा भएको भद्रगोल क्लस्टरलाई संशोधन गरी जातिगत आधारमा तय गर्नुपर्छ र प्रत्येक क्लस्टरमा महिला, तेस्रोलिंगी र अपांगता भएका व्यक्तिको हिस्सा पनि स्पष्ट हुनुपर्छ।

धारा ८४, ८६ र १७६ मा प्रतिनिधिसभा, राष्ट्रिय सभा र प्रदेशसभाको गठनमा पूर्ण समानुपातिकता कायम हुने गरी निर्वाचन प्रणालीको व्यवस्था गर्ने र धारा २८५ मा सबै सरकारी सेवामा समानुपातिक समावेशिता हुने गरी स्पष्ट गर्न संशोधन जरुरी छ। कानुन सबै निकायले निश्चित समयावधिमा समानुपातिक समावेशिता हासिल गर्ने र त्यसलाई कायम राख्ने सुनिश्चितता हुने गरी बनाउनु श्रेयस्कर हुन्छ। निजी क्षेत्रमा पनि व्यवसाय र कामको प्रकृति हेरी व्यावसायिक कार्य सम्पादनका लागि क्रमशः विविधता/समावेशिता बढाउँदै जाने गरी नीतिगत व्यवस्था गरिनुपर्छ। राजनीतिक तहमा प्रतिनिधिसभा र प्रदेशसभामा पूर्ण समानुपातिक प्रणाली अपनाउँदा अहिलेको जस्तो राजनीतिक दलहरूले बन्दसूची पेस गर्ने प्रणाली हैन कि निर्वाचन क्षेत्र नै आरक्षण गर्ने व्यवस्था गर्नुपर्छ ताकि प्रत्यक्ष जनमतबाट प्रतिनिधिहरू आउन सकून् र सम्बन्धित क्लस्टरका स्वतन्त्र उम्मेदवारको समेत गुन्जायस रहोस्। यस्तो आरक्षित निर्वाचन क्षेत्र घुम्ती प्रणाली अनुसार गर्दै जानुपर्छ ताकि सबै ठाउँमा सबै क्लस्टरले निर्वाचित हुने मौका पाऊन्।

यो प्रणालीबाट पनि आउन नसक्ने चेपाङजस्ता लोपोन्मुख, तेस्रोलिंगी, अपांगता भएका व्यक्ति वा समुदायहरूका लागि भने विशेष व्यवस्था गर्नुपर्ने हुन्छ। शताब्दिऔंदेखि सबैभन्दा बढी ज्यादती भोगेका दलित तथा त्यस्तै अन्य समुदायका लागि केही अवधिका लागि केही विशेष निर्वाचन क्षेत्र तोकी सम्बन्धित समुदायका मतदाताले मात्र भोट हाल्ने व्यवस्था गर्न सकिन्छ। हुन त यो भारतमा अम्बेडकरले तत्कालीन ब्रिटिस सरकारमार्फत सन् १९३२ मा 'साम्प्रदायिक पुरस्कार' का रूपमा प्रस्ताव गरेको प्रणाली हो तर त्यस बेला महात्मा गान्धी स्वयं यसको विरोधमा अनशन नै बसेकाले यसलाई नल्याउने गरी सहमति गर्नुपरेको थियो जसलाई 'पुना प्याक्ट' का नामले चिनिन्छ। तथापि त्यहाँको संविधानमा अनुसूचित जाति-जनजातिका लागि केही निर्वाचन क्षेत्र आरक्षित हुने प्रावधान भने कायम छ।

भारतको लोकसभाका ५४३ सिटमध्ये अनुसूचित जाति (दलित) का लागि ८४ र अनुसूचित जनजातिहरूका लागि ४७ निर्वाचन क्षेत्र आरक्षित छन्। तर अहिले समय बदलिएको छ।

हाम्रो समाज र राजनीतिक प्रणाली रूपान्तरण हुने क्रममा छ। प्रस्तावित सुझाव निश्चित समुदायका लागि मात्र आरक्षण नभई सबै समुदायका लागि समानुपातिक समावेशिता सुनिश्चित हुने खालको भएकाले यसमा कसैले गुमाउनुपर्दैन।

र भविष्यमा सबैका लागि धेरै फराकिला ढोकाहरू खुल्दै जानेछन्।तसर्थ राष्ट्रिय समावेशी आयोगको प्रतिवेदनलाई नै टेकेर आरक्षणको सट्टा नेपालको संविधानले व्यवस्था गरेको सबै समुदायको प्रतिनिधित्वको सुनिश्चितताका लागि समानुपातिक समावेशिताको प्रावधानलाई अघि बढाउन विषयगत आयोगहरू, नागरिक समाज र नवनिर्वाचित विधायकहरू ढिलो नगरी लाग्नुपर्छ। यही नै सामाजिक न्यायको प्राकृतिक सिद्धान्त हो।

बीके नेपाल सरकारका पूर्वसचिव हुन्।साभार इकान्तिपुर

## मन्त्रालय...

उर्जासहित २ र जनता समाजवादी पाटी ९जसपा० ले सहरी विकास र अर्को एक मन्त्रालय पाउनेछ। जनमत, नागरिक उन्मुक्ति र लोकतान्त्रिक समाजवादी पाटी ९लोसपा०लाई एकरएक मन्त्रालय छुट्याइएको छ।यसरी भागवण्डा गर्दा एउटा मन्त्रालय अपुग हुन्छ।

त्यो बेला सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रको भागमा परेको मन्त्रालय घट्नसक्ने स्रोतको दाबी छ। नागरिक उन्मुक्ति पाटीले एउटा मन्त्रालय लिएर सरकारमा नआउने बताएकाले मन्त्रालय भागवण्डा लगभग टुंगिएको स्रोतको दाबी छ।

## बारामा......

नम्बर ९ पिपराविर्तास्थित गण्डक नहरको थलही पुलमा आइतबार राति तीनजना सवार ना२६प २२९५ नम्बरको मोटरसाइकल दुर्घटना भएको हो।

दुर्घटनामा बाराकै सिम्रौढ नगरपालिका १ बैरियाका २२ वर्षीय ताहिद अन्सारी र २३ वर्षीय कासिम अन्सारीको मृत्यु भएको हो।दुर्घटनामा बैरियाकै २२ वर्षीय गुड्डु अन्सारी सामान्य घाइते भएका छन्।

मेला हेरेर घर फर्किंदै गरेका उनीहरू सवार मोटरसाइकल राति ९ बजे अनियन्त्रित भइ थलहि पुलमुनि खसेको थियो।

मृतक दुबैजनाको शव थलही खोलामा फेला परेको बाराका प्रहरी नायव उपरीक्षक राजेश थापाले जानकारी दिए।

# वीरगन्जका भन्सारले राजश्व असुलीको लक्ष्य भेटाउन सकेन



पर्सा – विलासिताका वस्तुहरुको आयात सरकारले खुला गरिसक्दा पनि वीरगन्जका दुबै भन्सारको राजश्व असुलीमा अझै सकारात्मक प्रभाव देखिएको छैन ।

व्यवसायीले जाँचपास नगर्दा वीरगन्ज भन्सारमा थन्किएका सवारीसाधन।

सवारी साधन, मदिरा, मोबाइल जस्ता राजश्वमा योगदान गर्ने वस्तुहरुको आयातमा संघीय सरकारले आफैंले लगाएको प्रतिबन्ध गत महिना फुकुवा गरिसक्दा पनि वीरगन्ज र सिर्सिया सुक्खा बन्दरगाह भन्सारले मासिक राजश्व असुली लक्ष्य भेटाउनै सकेका छैनन्।

उनीहरुको मासिक राजश्व असुली घटदै गएर अब लक्ष्यको ५५ देखि ६० प्रतिशत हाराहारीमा खुम्चिएको छ । सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालयले पुस महिनामा लक्ष्यको ५६ दशमलव ९३ प्रतिशत मात्र राजश्व असुली गर्न सकेको छ। यो भन्सारले पुस महिनामा ५ अर्ब ८३ करोड ७५ लाख ५१ हजार रुपैयाँ राजश्व असुलीको लक्ष्य पाएकोमा ३ अर्ब ३२ करोड ३५ लाख ५१ हजार रुपैयाँ मात्र राजश्व असुली गर्न सक्यो।

त्यसैगरी, चालु आर्थिक वर्षमा पुस मसान्तसम्ममा ३२ अर्ब ३ करोड ३८ लाख २७ हजार रुपैयाँ राजश्व असुलीको लक्ष्य रहेकोमा यो भन्सारले २१ अर्ब ५१ करोड ८० लाख २५ हजार रुपैयाँ मात्र राजश्व असुली गर्न सकेको छ। जुन लक्ष्यको ६७ दशमलव १७ प्रतिशत मात्र हो।

यता वीरगन्ज भन्सार कार्यालयको राजश्व असुली पनि निराशाजनक छ। पुस महिनामा यो भन्सारले लक्ष्यको ५७ दशमलव २ प्रतिशत मात्र राजश्व संकलन गर्न सक्यो। २३ अर्ब ४ करोड ४७ लाख १ हजार रुपैयाँ मासिक राजश्व असुलीको लक्ष्य रहेकोमा १३ अर्ब १७ करोड ३४ लाख ४० हजार रुपैयाँ मात्र गर्न सक्यो।

चालु आवमा पुस मसान्त सम्ममा १ खर्ब २२ अर्ब ७७ करोड १८ लाख ५५ हजार रुपैयाँ राजश्व असुलीको लक्ष्य रहेकोमा ७६ अर्ब ६३ करोड ४ लाख ८५ हजार रुपैयाँ मात्र राजश्व यो भन्सारले संकलन गर्न सकेको छ। जुन लक्ष्यको ६२ दशमलव ४ प्रतिशत मात्र हो।सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालयका सूचना अधिकृत सन्तोष न्यौपानेले समग्रमा आयात घटेको अवस्था रहेकाले राजश्व असुलीको लक्ष्य भेट्टाउन समस्या भएको बताए । यस बाहेक आयातमा प्रतिबन्ध लागेका वस्तुहरुको आयात खुल्ला गरिए पनि ती वस्तुको आयात सुचारु हुन अझै केही समय लाग्ने उनले बताए ।

मदिराको आयात खुला गरिएपछि शुक्रबार पहिलो पटक २ कन्टेनर मदिरा जाँचपास भएको उनले बताए ।

'अमेरिकाबाट आयात भएको २ कन्टेनर ज्याक डेनियल ह्विस्की जाँचपास हुँदा मात्र ९ करोड ८० लाख रुपैयाँ राजश्व संकलन भएको थियो, उनले भने, 'सामान्य अवस्थामा यो नाकाबाट राजश्वमा सर्वाधिक योगदान गर्ने वस्तु मदिरा नै थियो, २ महिनाभित्र थप ७० कन्टेनर मदिरा यो नाकाबाट आयात हुने पाइपलाइनमा छन्, हामी आशावादी छौं, बिस्तारै राजश्व संकलनको अवस्थामा सुधार आउँदै जान्छ। सिर्सिया सुक्खा बन्दरगाह नाका मदिरा आयात हुने मुलुककै प्रमुख नाका हो ।वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवाल वीरगन्ज नाकाबाट सर्वाधिक राजश्वमा योगदान गर्ने वस्तुहरु सवारी साधन र इन्धन नै रहेकोमा हाल यी दुबै वस्तुको आयात घटेकाले त्यसको प्रत्यक्ष असर समग्र राजश्व असुलीमै देखिएको बताउँछन् **।साभार इकान्तिपुर**

# पाथीभरा ट्रान्सपोर्टमा प्रहरीको छापा, तस्करीको सामान भेटिएपछि सिल

वीरगंजको पाथीभरा ट्रान्सपोर्टमा प्रहरीले छापा हानि तस्करीको सामान फेला पारेपछि सिल गरको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साको मातहत रहेको वडा प्रहरी कार्यालय विर्ताका प्रमुख एवम प्रहरी निरीक्षक बिसाल मल्लको कमाण्डको खटिएको टोलीले पाथीभरा ट्रान्सपोर्टमा भारतबाट अवैध रुपमा भन्सार छलि गरि ल्याएको सामानहरुलाई भण्डारण गरि राखेको सूचना पाएलगत्तै छापा मारेको थियो । छापा मार्ने क्रममा राजश्व छलेर भित्रयाइएका कपडा, हार्डवेयर , चकलेट लगायतका सामान फेला परेपछि उक्त ट्रान्सपोर्ट सिल गरिएको प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिए ।



वीरगन्ज महानगरपालिका वडा नम्बर १० आदर्शनगर स्थित राजेश मल्लिकले सन्चालन गरेको श्री पाथीभरा ट्रान्सपोर्टमा प्रहरीले सिल गरेको हो । त्यसै गरि ट्रान्सपोर्ट सिल गरेर यस बारे राजश्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको र आवश्यक प्रकृया राजश्व अनुसन्धान कार्यालयले नै अगाडि बढाउने प्रहरी उपरीक्षक शाहले जानकारी दिए ।

# पुस मसान्तसम्म राजस्व लक्ष्य ६ खर्ब ५१ अर्ब, उठ्यो ४ खर्ब ९० अर्ब मात्रै

काठमाडौँ – चालु आर्थिक वर्ष २०७९/०८० को अर्धवार्षिक समीक्षा अवधिमा सरकारी राजस्व सङ्कलन लक्ष्यभन्दा निकै कम देखिएको छ। पुस मसान्तसम्म ६ खर्ब ५१ अर्ब ६१ करोड ८७ लाख राजस्व उठाउने लक्ष्य रहेकोमा ४ खर्ब ९० अर्ब ४ करोड ३८ लाख रुपैयाँ मात्रै असुली भएको अर्थ मन्त्रालयले जनाएको छ। यो अर्धवार्षिक लक्ष्यको ७५ दशमलव २० प्रतिशत बराबर हो ।अर्थात् चालु आवको अर्धवार्षिक समीक्षा अवधिमा सरकारको राजस्व सङ्कलन लक्ष्यभन्दा २४ दशमलव ८० प्रतिशत विन्दुले न्यून देखिएको छ । यो अवधिमा भन्सार राजस्व सङ्कलन सबैभन्दा बढी प्रभावित भएको देखिन्छ । अर्थ मन्त्रालयको तथ्याङ्कअनुसार भन्सार राजस्व सङ्कलन पुस मसान्तसम्म लक्ष्यको ५३ प्रतिशत बराबर मात्रै छ। छ महिना अवधिमा १ खर्ब ६१ अर्ब ८२ करोड ३० लाख बराबर भन्सार उठाउने सरकारी लक्ष्य रहेकोमा ८५ अर्ब ७८ करोड ७३ लाख बराबर मात्रै सङ्कलन भएको देखिएको हो ।मूल्य अभिवृद्धि कर (भ्याट) र अन्तःशुल्क असुलीमा पनि ७२ प्रतिशत बराबर मात्रै उपलब्धि हासिल भएको छ। पुस मसान्तसम्ममा १ खर्ब ८० अर्ब २४ करोड ८३ लाख बराबर भ्याट उठाउने सरकारी लक्ष्य रहेकोमा १ खर्ब ८० अर्ब २४ करोड ८३ लाख बराबर मात्रै उठेको देखिन्छ । चालु आवको अर्धवार्षिक अवधिमा अन्तःशुल्कतर्फ ९७ अर्ब ५० करोड ९६ लाख बराबर असुली गर्ने सरकारी लक्ष्य थियो। तर यही अवधिको वास्तविक अन्तःशुल्क असुली भने ७० अर्ब ५१ करोड बराबर छ । जुन अर्धवार्षिक लक्ष्यको ७२ दशमलव ३ प्रतिशत बराबर हो । यही अवधिमा सरकारले १ खर्ब १६ अर्ब ७९ करोड बराबर आयकर उठाएको छ । जुन रकम यो अवधिका लागि राखिएको लक्ष्यको ७४ दशमलव ३ प्रतिशत बराबर हो । सरकारले पुस मसान्तसम्ममा १ खर्ब ५७ अर्ब २२ लाख १८ हजार बराबर आयकर उठाउने लक्ष्य राखेको थियो। अर्धवार्षिक समीक्षा अवधिमा शिक्षा सेवा करतर्फ भने लक्ष्यअनुसार नै राजस्व उठेको छ। यो अवधिमा ७३ करोड ४८ लाख बराबर शिक्षा सेवा कर उठाउने सरकारी लक्ष्य रहेकोमा ७३ करोड ६७ लाख बराबर उठेको छ। अर्थ मन्त्रालयका अनुसार गत आर्थिक वर्षको पछिल्लो छ महिनाको तुलनामा चालु आर्थिक वर्षको राजस्व सङ्कलन १५ दशमलव ३२ प्रतिशतले घटेको छ । गत वर्षको तुलनामा यस वर्ष भन्सार राजस्व ३१ दशमलव ३८ र आन्तरिक राजस्व एक दशमलव छ प्रतिशतले घटेको देखिएको हो ।आयात निरुत्साहन गर्नका लागि चालिएका कदमका कारण भन्सार राजस्व घटेको अर्थ मन्त्रालयको भनाइ छ ।



यस्तै घर जग्गाको कारोबारमा देखिएको शिथिलता र घट्दो शेयर बजारका कारण पुँजीगत लाभकरमा आएको कमी पनि लक्ष्यअनुसार राजस्व असुली हुन नसक्नुको कारण रहेको मन्त्रालयले जनाएको छ ।रासस

# नेपाली बजारमा भारतीय गोलभेंडा



सर्लाही – भारतबाट ल्याइएको गोलभेंडाले नेपाली बजारमा स्थान पाएपछि सर्लाहीका किसान मारमा परेका छन् । हुस्सु र कुहिरोले गोलभेंडा उत्पादनमा ह्रासको मार खेप्दै आएका किसान भारतीय गोलभेंडा भित्रिएपछि थप समस्यामा परेका हुन् ।

मूल्यको हिसाबले नेपालीभन्दा भारतीय गोलभेंडा सस्तो हुने गरेको छ, जसका कारण नेपाली उत्पादनले बजार पाउनै मुस्किल भएको छ ।

जिल्लाका उत्तरी क्षेत्रका किसान अहिले गोलभेंडाको बोट जोगाउन विषादी छर्न, पाकेको टिप्न र बजारसम्म पुऱ्याउन व्यस्त छन् । यस वर्ष प्रतिकूल मौसमका कारण किसानको अपेक्षाअनुसार गोलभेंडा उत्पादन हुन सकेको छैन। उत्पादित गोलभेंडाले पनि बजार नपाउँदा लगानी नउठ्ने हो कि भन्ने चिन्तामा किसान छन् ।

दुई बिघामा गोलभेंडा खेती गरेका हरिवन नगरपालिका-२ अत्रौलीका किसान सुरेन्द्र मण्डलले शीतबाट बोट जोगाउन निकै खर्च परेको बताए । त्यसअनुसारको उत्पादन हुन नसकेको बताउँदै उनले बजारमा भारतीय गोलभेंडाले स्थान पाउँदा आफूहरू मारमा परेको सुनाए । अत्रौलीकै अर्जुन महतोले २ बिघामा गोलभेंडा लगाएका छन्। उनले सुरुवातमा प्रतिक्रेट १ हजार ५ सयदेखि १ हजार ८ सय रुपैयाँसम्ममा बिक्री गरेको गोलभेंडाको मूल्य यो साता न्यून मूल्यमा झरेको बताए ।

भारतबाट गोलभेंडा आएपछि ५ सय रुपैयाँमा झरेको उनले गुनासो पोखे ।

'गोलभेंडाको मूल्य नझर्ने हैन, उत्पादन वृद्धि भएपछि आफैं कम हुन्छ, तर यहाँ त किसानको उत्पादन चाहे जति निक्लन नसकेका बेला भारतीय गोलभेंडाले मूल्य घटाइदियो।' महतोका अनुसार भारतीय किसानले राज्यबाट विभिन्न किसिमका अनुदान पाउँछन्, जसले लागत कम हुन्छ ।

अर्का किसान माधव गिरीले मल, बीउ र खेत खन्न खर्च बढे पनि मूल्य निरन्तर ओरालो लाग्दा समस्यामा परेको दुःखेसो पोखे । उनले यस वर्ष शीतलहरबाट जोगाउन पनि विषादीमा निकै खर्च ब्यहोर्नुपरेको बताए । गिरीले ५ बिघामा गोलभेंडाको खेती गरेका छन् । 'उत्पादन कम भएका बेला राम्रो मूल्य हुन्छ, त्यसमा पनि भारतीय गोलभेंडाले बजार खाइदिन्छ,' उनले भने ।गोलभेंडा उत्पादनमा अग्रणी सर्लाहीमा हजारौं किसान यो खेतीमा छन् । मुख्य सिजनमा दैनिक एक सय टनभन्दा बढी उत्पादन हुने गोलभेंडाको मूल्य घट्दा जनजीविकामै असर पर्छ। गोलभेंडा उत्पादनको अन्तिमसम्ममा पनि बजार भाउ नपाउँदा किसानलाई ठूलो क्षति ब्यहोर्नुपरेको छ । लालबन्दी, नवलपुर, सासापुर र अत्रौलीबाट दैनिक करिब एक दर्जन ट्रकमा गोलभेंडा देशका प्रमुख सहरमा बिक्रीका लागि जान्छन् । यहाँको गोलभेडाको बढी खपत काठमाडौंमा हुन्छ । काठमाडौंमा पनि भाउ घटेको हो **।साभार इकान्तिपुर**

# विमान दुर्घटनाका मृतकहरुको सम्झनामा दिप प्रज्वलन कार्यक्रम सम्पन्न भएको छ।




बारा, ०२ माघ

काठमाडौबाट पोखराको लागि उडान भरेको यती एयरलाइन्सको विमान दुर्घटनामा ज्यान गुमाएकाहरुको सम्झनामा दीप प्रज्वलन गरिएको छ। सोमबार साँझ क्यान बाराको आयोजनामा कलैयाको भरतचौकमा क्यान बाराका पदाधिकारी तथा सदस्यहरुले दिप प्रज्वलित गरी मृतकप्रति श्रद्धाञ्जलि दिइयो।

क्यान बाराका अध्यक्ष संजय केशरीले सम्पूर्ण क्यानका सदस्यहरुको तर्फबाट मृतकप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै घाइतेको शीघ्र स्वाथ्य लाभको कामना गरे। दुर्घटनाको छानविन गरेर दुर्घटनाको कारण सार्वजनिक हुनुपर्ने माग गरे। यस्तो दुःखद घटना दोहोरिन नदिन सम्बन्धित निकायले सतर्कता अपनाउनुपर्ने उनको सुझाव छ।

मृतकहरुको सम्झनामा एक मिनेट मौन धारण समेत गरिएको छ। काठमाडौंबाट पोखराको लागी उडेको नाइनएन एएनसी एटिआर-७२ को बिमान आइतवार बिहान अवतरणको क्रममा पोखरामा दुर्घटना भएको थियो ।

क्यानबारा द्वारा आयोजित दिप प्रज्वलन कार्यक्रमा क्यान बाराका अध्यक्ष संजय केशरी, पुर्व अध्यक्ष गणेश ठाकुर, उपाध्यक्ष अरुण कुमार साह, सचिव बिनोद साह, सह सचिव सुरेश यादव सदस्य पवन कुमार कुश्वाहा, लक्षमण चौधरी, अनिल चौरसिया, राजन केशरी, सर्वेश यादव लगायत क्यान बाराका साधरण सद्स्यहरुको उपस्थिति रहेको थियो ।